# सूचना २

नेपाल सरकारले कम्पनी ऐन, २०६३ को देहायका दफाहरुको प्रयोजनको लागि देहाय बमोजिमको दस्तुर तोकेको छ :-

१. दफा ४ को प्रयोजनको लागि लाग्ने दस्तुर :

(क) प्राईभेट लिमिटेड कम्पनी

१. रु. १,००,०००/- सम्मको अधिकृत पूँजी भए रु.१,०००/-

२. रु.१,००,००१/- देखि रु. ५,००,०००/- सम्म अधिकृत पूँजी भए रु.४,५००/-

३. रु.५,००,००१/- देखि रु. २५,००,०००/- सम्म अधिकृत पूँजी भए रु.९,५००/-

४. रु.२५,००,००१/- देखि रु. १,००,००,०००/- सम्म अधिकृत पूँजी भए रु.१६,०००/-

५. रु.१,००,००,००१/- देखि रु. २,००,००,०००/- सम्म अधिकृत पूँजी भए रु.१९,०००/-

६. रु.२,००,००,००१/- देखि रु. ३,००,००,०००/- सम्म अधिकृत पूँजी भए रु।२२,०००/-

७. रु.३,००,००,००१/- देखि रु. ४,००,००,०००/- सम्म अधिकृत पूँजी भए रु.२५,०००/-

८. रु.४,००,००,००१/- देखि रु. ५,००,००,०००/- सम्म अधिकृत पूँजी भए रु.२८,०००/-

९. रु.५,००,००,००१/- देखि रु. ६,००,००,०००/- सम्म अधिकृत पूँजी भए रु.३१,०००/-

१०.रु.६,००,००,००१/- देखि रु. ७,००,००,०००/- सम्म अधिकृत पूँजी भए रु.३४,०००/-

११.रु.७,००,००,००१/- देखि रु. ८,००,००,०००/- सम्म अधिकृत पूँजी भए रु.३७,०००/-

१२.रु.८,००,००,००१/- देखि रु. ९,००,००,०००/- सम्म अधिकृत पूँजी भए रु.४०,०००/-

१३.रु.९,००,००,००१/- देखि रु. १०,००,००,०००/- सम्म अधिकृत पूँजी भए रु.४३,०००/-

१४. रु.१०,००,००,०००/- भन्दा माथि अधिकृत पूँजी भए प्रति एक लाखको रु. ३०/-का दरले थप दस्तुर लाग्ने छ।

(ख) पब्लिक लिमिटेड कम्पनी

१.रु.१,००,००,००० /- सम्म अधिकृत पूँजी भए रु. १५,०००/-

२.रु.१,००,००,००१ /- देखि रु. १०,००,००,०००/- सम्म अधिकृत पूँजी भए रु.४०,०००/-

३.रु.१०,००,००,००१ /-देखि रु २०,००,००,०००/- सम्म अधिकृत पूँजी भए रु. ७०,०००/-

४.रु.२०,००,००,००१ /-देखि रु.३०,००,००,०००/-सम्म अधिकृत पूँजी भए रु.१००,०००/-

५.रु.३०,००,००,००१/-देखि रु.४०,००,००,०००/-सम्म अधिकृत पूँजी भए रु.१३०,०००/-

६.रु.४०,००,००,००१/-देखि रु.५०,००,००,०००/- सम्म अधिकृत पूँजी भए रु.१६०,०००/-

७.रु.५०,००,००,०००/- भन्दा माथिको अधिकृत पूँजी भए प्रति एक करोडको रु.३०००/- का दरले थप दस्तुर लाग्नेछ।

(ग) दर्ता भैसकेको कम्पनीले पूँजी वृद्धि गरेमा लाग्ने दस्तुर ;

दर्ता भैसकेको कम्पनीले पूँजी बृद्धि गरेमा पछिल्लो पूँजी कायम भएको थप पूँजी अनुरुप पहिले बुझाई सकेको दस्तुर कट्टा गरी नपुग रकम नयाँ दररेट अनुसार बुझाउनु पर्नेछ।

(घ) अन्य दस्तुर :

१.दफा १३ को उपदफा (२) र (४) को प्रयोजनको लागि प्राइभेट लिमिटेडबाट पब्लिक लिमिटेडमा र दफा १४ को उपदफा (३) को प्रयोजनको लागि पब्लिक लिमिटेडबाट प्राइभेट लिमिटेडमा परिणत गर्दा नयाँ दर्ता गर्दा लाग्ने दस्तुरको पचास प्रतिशत थप दस्तुर लाग्नेछ।

२.दफा २१ को उपदफा (३) को प्रयोजनको लागि कम्पनीको नाम परिवर्तन गर्दा नयाँ दर्ता गर्दा लाग्ने प्रचलित दस्तुरको पच्चीस प्रतिशत वा बढिमा रु. ५,०००।- दस्तुर लाग्नेछ।

३.दफा २३ को उपदफा (६) र दफा २५ को उपदफा (२) को प्रयोजनको लागि प्रतिपृष्ठ रु. १०।- प्रतिलिपि दस्तुर लाग्नेछ।

४. दफा ५६ को उपदफा (३) को प्रयोजनको लागि शेयर पूँजी वृद्धि गरी प्रवन्धपत्र र नियमावली संशोधन गर्दा देहाय अनुसार दस्तुर लाग्नेछ :-

(क) दफा ५६ को उपदफा (१) को खण्ड (क) र (ख) को पूँजी वृद्धिको हकमा हाल कायम हुने अधिकृत पूँजीमा साविकमा तिरेको रजिष्ट्रेशन दस्तुर कट्टी गरी वाँकी हुन आउने रकम।

(ख) दफा ५६ को उपदफा (१) को खण्ड (ख) अनुसार साविक पूँजीमा हेरफेर नभएमा वा कमी भएमा र दफा ५६ को उपदफा (१) को खण्ड (ग) को हकमा रु. १,०००।-दस्तुर लाग्नेछ।

५. दफा १२४ को उपदफा (१) को प्रयोजनको लागि निरीक्षकको प्रतिवेदनको प्रतिलिपिको लागि रु. १००।- दस्तुर लाग्नेछ।

६. दफा १३६ को उपदफा (१) को खण्ड (क) र दफा १५८ को उपदफा (१) को प्रयोजनको लागि कम्पनीको दर्ता खारेज गर्दा लाग्ने दस्तुर रु. १०,००,०००।- रुपैयाँसम्म चुक्ता पूँजी भएको कम्पनी भए रु. १,०००।- र सो भन्दा बढी चुक्ता पूँजी भएकोमा रु. ५,०००।- दस्तुर लाग्नेछ।

७. दफा १५० को उपदफा (२) को प्रयोजनको लागि शेयरधनीले साधारण सभामा भाग नलिएको कुराको उजूरी निवेदन दिदा रु. ५००।- दस्तुर लाग्नेछ।

८. दफा १५३ को उपदफा (३) को प्रयोजनको लागि एकल शेयरधनी भएको कम्पनीको शेयर हस्तान्तरण तथा दाखिल खारेज गर्दा उक्त कम्पनी दर्ता सरहको दस्तुर लाग्नेछ।

९. दफा १५४ को उपदफा (९) को प्रयोजनको लागि विदेशी कम्पनीको दर्ता किताबको

प्रतिलिपि लिदा लागि प्रतिपृष्ठ- रु. ५०।- दस्तुर लाग्नेछ ।

२. <u>दफा १५४ को उपदफा (२) र (३) को प्रयोजनको लागि लाग्ने दस्तुर;</u>

(क) विदेशी कम्पनीले शाखा कार्यालय दर्ता गर्दा देहाय बमोजिमको दस्तुर लाग्नेछः-

| | | |
|---|---|---|
| १. | रु.१,००,००,०००।- सम्म प्रस्तावित लगानी भएमा | रु. १५,०००।- |
| २. | रु.१,००,००,००१।- देखि रु १०,००,००,०००।- सम्म प्रस्तावित लगानी भए | रु.४०,०००।- |
| ३. | रु.१०,००,००,००१।- देखि रु २०,००,००,०००।- सम्म प्रस्तावित लगानी भए | रु.७०,०००।- |
| ४. | रु.२०,००,००,००१।- देखि रु ३०,००,००,०००।-सम्म प्रस्तावित लगानी भए | रु.१,००,०००।- |
| ५. | रु.३०,००,००,००१।- देखि रु ४०,००,००,०००।-सम्म प्रस्तावित लगानी भए | रु.१,३०,०००।- |
| ६. | रु.४०,००,००,००१।- देखि रु ५०,००,००,०००।- सम्म प्रस्तावित लगानी भए | रु.१,६०,०००।- |

७. रु.५०,००,००,०००।- भन्दा माथिको प्रस्तावित लगानी भए प्रति एक करोडको रु.३०००।- का दरले थप दस्तुर लाग्नेछ ।

८. लगानी नखुलेको भए एकमुष्ट रु.१,००,०००।- दस्तुर लाग्नेछ ।

(ख) विदेशी कम्पनीले सम्पर्क कार्यालय दर्ता गर्दा एकमुष्ट रु.५०,०००।-दस्तुर लाग्नेछ ।

३. <u>दफा १६६ को उपदफा (२) बमोजिमको मुनाफा वितरण नगर्ने गरी संस्थापना हुने कम्पनीका लागि एकमुष्ठ रु.१५,०००।- दस्तुर लाग्नेछ</u> ।

## सूचना ३

नेपाल सरकारले कम्पनी ऐन, २०६३ को दफा २८ को उपदफा (३) र दफा १८२ को उपदफा (३) को प्रयोजनको लागि वार्षिक सयकडा दश प्रतिशत ब्याजदर तोकेको छ ।

यस मन्त्रालयबाट नेपाल राजपत्र, भाग ३ मा प्रकाशित देहाय बमोजिमका सूचना खारेज गरिएको छः–

(क) खण्ड ५५, संख्या २८, मिति २०६२।७।१४ को सूचना २ र ३

(ख) खण्ड ५५, संख्या ३४, मिति २०६२।८।२७ को सूचना १

खण्ड ५१, संख्या ५, मिति २०५८।२।१ को नेपाल राजपत्र, भाग ३ मा यस मन्त्रालयबाट प्रकाशित कम्पनी ऐन,२०५३ को दफा ८४ को प्रयोजनका लागि तोकिएको ढाँचा बाहेक खण्ड ५५, सख्या २८, मिति २०६२।७।१४ को नेपाल राजपत्र, भाग ३ मा प्रकाशित सूचना १ खारेज गरिएको छ ।

आज्ञाले,
पुरुषोत्तम ओझा
नेपाल सरकारको निमित्त सचिव